**मिति २०७९/८/१६ को नगर कार्यपालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रति
प्रमुख प्रशासकीय अधिकृत

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

२. उत्पादनमा आधारित अनुदान नपुग सम्बन्धमा ।

३. प्रा.स्वा. केन्द्र ठाडामा डाक्टर व्यवस्थापन सम्बन्धमा ।

४. मतदाता शिक्षा संचालन तथा अनुगमन खर्च व्यवस्थापन सम्बन्धमा ।

५. माटो व्यवस्थापन तथा जग्गा सम्माउने सम्बन्धमा ।

६. शैक्षिक सुधार (शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन) सम्बन्धमा ।

७. व्यक्ति तथा संस्थालाई अनुदान वितरण कार्यविधि/मापदण्ड निर्माण सम्बन्धमा ।

८. सडक हेरालु सम्बन्धमा ।

९. विभिन्न सडकमा बस/जिप संचालन सम्बन्धमा ।

१०. वजेट विनियोजन सम्बन्धमा ।

११. योजना संसोधन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगार कार्यक्रम तर्फ कामको लागि १७२५ जना सुचिकृत भएकोमा प्राप्त रकमबाट युवा रोजगार तर्फ ३८ जना र प्रधानमन्त्री रोजगार तर्फ १०२ जना गरी जम्मा १४० जनालाई १०० दिन रोजगार दिन सकिने भएकोले निम्न वडामा वडा प्राथमिकीकरणको आधारमा तपशिल बमोजिम १०० दिन रोजगार प्रदान गर्ने गरी योजना छनौटका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) वडा नं. ११ र १४ लाई ११/११ जनाका दरले १०० दिन रोजगार दिने ।

(ख) वडा नं. ५ र ६ लाई ९/९ जनाका दरले १०० दिन रोजगार दिने ।

(ग) अन्य वडा नं. १, २, ३, ४, ७, ८, ९, १०, १२, १३ लाई १०/१० जनाका दरले १०० दिन रोजगार दिने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व ०७८/०७९ को उत्पादनमा आधारित अनुदान वितरणको लागि चालु आ.व.मा विनियोजन भएको रकमले नपुग हुने भएको हुँदा उक्त उत्पादनमा आधारित अनुदान वितरण गर्न नपुग हुने रकम गत आ.व.को मौज्दात सरेको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको केन्द्र ठाडामा रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर नहुँदा निकै समस्या भई रहेको र दरबन्दीमा रहेका डाक्टर अध्ययन विदामा गई

स्थायी डाक्टर खटिई नआएको अवस्था रहेकोले नेपाल सरकारको तलव भत्ता सुविधामा प्रोत्साहन स्वरुप रु ३००००।- सम्म मासिक थप गर्ने गरी करार सेवामा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यही मंसीर ४ गते भएको प्रदेश र संघीय सरकारको निर्वाचनका सन्दर्भमा मतदाता शिक्षा संचालन र सो को अनुगमन सम्बन्धित पालिकाले गर्ने गरी जिल्ला निर्वाचन कार्यालयको निर्देशन अनुसार उक्त कार्यक्रमको लागि गत मौज्दात रकमबाट खर्चका विल भरपाई अनुसार भुक्तानीको लागि रु ५ लाख विनियोज गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र ठेक्काबाट सडक चौडा गर्दा निस्कने माटो लैजान, गह्रा सुधार अर्न्तगत खेत सम्माउन र खेत सम्माउदा निस्कने ढुङ्गा रोयल्टी बुझाई विकी तथा निकासीको लागि अनुमती पाउँ भनि छुट्टा छुट्टै निवेदनहरु आएकोले उक्त निवेदनका सन्दर्भमा निम्न अनुसार गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) यस नगरपालिकाको वडा नं. १४ को मुन्द्रिवास देखि कुसुमघाट सम्मको क्षेत्रको सडक चौडा गर्ने कममा निस्कने माटो उक्त क्षेत्रमा फाल्न नमिल्ने भएकोले कसैले लैजान चाहेमा यस निर्माण कम्पनीलाई कुनै समस्या नपर्ने हुँदा तहाँ कार्यालयको नियमानुसार हुन भनि रायमाझी/प्रदिप जेभीले दिएको पत्र, वडा कार्यालयको नियमानुसारको राजश्व बुझाई अन्यत्र लैजान अनुमती दिने भन्ने व्यहोराको सिफारिस पत्र संलग्न राखी उक्त कटिङ्ग गर्दा निस्कने माटो नियमानुसारको रोयल्टी बुझाई बाहिर लैजान अनुमती पाउँ भनि स्वाभिमान कन्स्ट्रक्सन "ख" बनगाई रुपन्देहीले निवेदन दिएकाले ठेक्का भित्र उक्त बाटो चौडा गर्दा निस्की फाल्नु पर्ने माटो प्रत्येक ट्रिपको नियमानुसार रोयल्टी वडा कार्यालयमा बुझाई लैजान अनुमती दिने ।

(ख) यस नगरपालिकाको वडा नं. १३ भंगाला निवासी हिमलाल भुसालले भंगालामा निजको नाममा रहेको कि.नं. ३०, ५२, ९२ नम्वरका कित्ताहरुमा गह्रा सुधार गर्ने र निस्कने ढुङ्गा रोयल्टी बुझाई विकी गर्ने गरी गत आ.व.मा अनुमती लिएकोमा विभिन्न बाधा अड्चन, पेट्रोलियम पदार्थको मुल्य बृद्धी जस्ता कारणले खेत सम्माउने कार्य हुन नसकेकोले म्याद थप गरी दिनु हुन भनि दिएको निवेदनका सन्दर्भमा हाल लाई २० रोपनी भित्र मात्र एक्साभेटर मेशिन प्रयोग गरी खेत सम्माई खेती योग्य बनाउने र निस्कने ढुङ्गा नाँपजाँच गरी रोयल्टी बुझाई विकी निकासी गर्न अनुमती दिने गरी कार्य गर्न दिने ।

(ग) यसै नगरपालिकाको वडा नं. १३ भंगाला निवासी दिलिप घर्ति मगरले सोही स्थानमा निजको नाममा रहेको कि.नं. ८० को करिव ४ रोपनी जग्गा सम्माउने र खेत सम्माउदा निस्कने ढुङ्गा विकी गर्नको लागि अनुमती पाउँ भनि दिएको निवेदनका सन्दर्भमा उक्त जग्गा सम्माई खेतीयोग्य बनाउन एक्साभेटर मेशिन

प्रयोग गर्न दिने र खेतीयोग्य बनाउदा निस्कने ढुङ्गा नापँजाच गरी नियमानुसार रोयल्टी बुझाई लैजान अनुमती दिने गरी कार्य गर्न दिने ।

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने सन्दर्भमा शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन गर्नु पर्ने भएकोले उक्त कार्यमा आवश्यक अध्ययन गरी नगर शिक्षा समितिले नगरकार्यपालिकामा प्रतिवेदन पेश गर्ने र पेश भएको प्रतिवेदन समेतका आधारमा नगरकार्यपालिकामा छलफल गरी शिक्षा सुधार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कृषि तथा पशु उत्पादन बृद्धी गरी किसानको जिवनस्तर सुधार गर्ने क्रममा विभिन्न क्षेत्रमा उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि मार्फत अनुदान वितरण गर्दै आईरहेको सन्दर्भमा कृषि तथा पशु उत्पादन थप बृद्धी गर्न व्यक्ति वा संस्था (फर्म) लाई अनुदान दिनु पर्ने अवस्था समेत आउने र सो सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कुनै व्यक्ति/संस्थालाई अनुदान वितरण गर्दा निश्चित कार्यविधि एवं मापदण्ड तयार गरी सो को आधारमा तोकिएको प्रकृया पुराएर मात्र अनुदान वितरण गर्न भनि सुझाव कार्यान्वयनको लागि लेखि आएको व्यहोरालाई समेत ध्यान दिई व्यक्ति/संस्थालाई अनुदान वितरण सम्बन्धि कार्यविधि एवं मापदण्ड बनाई आगामी कार्यपालिका बैठकमा विधायन समिति मार्फत पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७९/२/१५ र मिति २०७९/३/९ गतेको कार्यपालिका बैठकबाट विभिन्न सडकहरुमा मिति २०७९ भाद्र मसन्त सम्म सडक हेरालु राख्ने गरी निर्णय गरी सोही बमोजिम कार्य हुदै आएकोमा यस वर्ष असोज महिनामा समेत नियमित वर्षा भई सडक हरालुले काम गर्नु पर्ने भई कार्य गराईएकोले उक्त सडक हेरालुहरुलाई २०७९ साल असोज मसान्त सम्म काममा लगाएको हुँदा असोज मसान्त सम्मको ज्याला सम्बन्धित शिर्षकमा रहेको रकमबाट र नपुग भएमा गत मौज्दातमा रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र विभिन्न वडा तथा गाउँ वस्तिहरुमा सडक यातायातको राम्रो व्यवस्था भई सक्दा समेत यातायात व्यवसायीहरुले यातायात संचालन नगरेको अवस्थालाई मध्यनजर गर्दै एघारौ नगरसभाबाट विभिन्न रुटमा यातायात संचालन अनुदान भनि रकम समेत विनियोजन भएकोले निर्माण भएका सडकमा के कसरी यातायात संचालन गरी नगरवासीहरुलाई यातायात सेवा दिन

सकिन्छ अर्थात के कसो गर्दा यातायात संचालन हुन्छ सो समेतलाई मध्यनजर गरी प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने र विधायन समितिले विभिन्न रुटमा यातायात संचालनको लागि अनुदान दिने सम्बन्धि कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

*तपशिल*

संयोजक : नगर प्रमुख श्री छविलाल पौडेल

सदस्य: वडा अध्यक्ष श्री भिम बहादुर के.सी.

सदस्य :- वडा अध्यक्ष श्री नवराज भुसाल

सदस्य :- वडा अध्यक्ष श्री दामोदर न्यौपाने

सदस्य सचिव :- प्र.प्र. अधिकृत श्री झविन्द्र खनाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा तत्काल गर्नु पर्ने तथा भुक्तानी गर्नु पर्ने निम्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

(क) पाडेगैरा वरवोट सडक वत्ति जडान कार्य रु २०००००।- उप-मेयर पुर्वाधार विकास शिर्षकमा रहेको रकमबाट

(ख) वडा नं. ७ वाल आधारभुत विद्यालय हाल सम्मको विद्युत महशुल भुक्तानी गर्ने र अवदेखी वडा कार्यालयमा विद्युत मिटर जडा गर्ने ।

(ग) कपिलवस्तु सर्पदंश उपचार केन्द्रलाई औषधी खरिद बापत रु २८८९८।- दिने ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा एघारौ नगरसभाबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

| एघारौ नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| बोहखोर सिद्धारा मो.वा. स्तरोन्नती ( १५६/२) वडा नं. १० | ५००००० | शिनपा १० का सहायक मो.वा. मर्मत सुधार | ४००००० | वि.स.अ संघ |
| | | वडा कार्यालय व्यवस्थापन वडा नं. १० | १००००० | वि.स.अ संघ |
| खन्नेपानी जलुके नौमुरे ऐरावती मो.वा. ( १४१/३) वडा नं. ७ | ६००००० | साविक १ र २ मो.वा. मर्मत शिनपा ७ | ६००००० | वि.स.अ संघ |